आज मिति २०८० साल असोज ०७ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृविन्द्र कुमार चौलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रित:

| | | | |
|---|---|---|---|
| १. | सुकुलाल तामाङ | ना.सहायक(ले.पा.) | |
| | | | |

प्रस्तावहरुः

१. गत आ.व. २०७९/०८० म्रा दायित्व सिर्जना भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्वन्धमा।

२. करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्वन्धमा ।

३. विविध सम्बन्धमा।

निर्णयहरुः

१. गत आ.व. २०७९/०८० मा दायित्व सिर्जना भई बजेट अभाव तथा SUTRA प्रणालीमा समस्या देखिएका कारण भुक्तानी हुन नसकेका म.ले.प. फारम २२१ बमोजिम प्रमाणित गरी जिम्मेवारी सारिएका योजना तथा कार्यक्रमहरुको भुक्तानी बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

२. यस बलेफी गाउँपालिका अन्तर्गत गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा कार्यरत अस्थायी, ज्यालादारी तथा करार सेवाका तपशिल वमोजिमका कर्मचारीहरुको सेवा अवधि कार्यरत निकाय/शाखामा पद सिर्जना हुने गरि २०८० श्रावण १ गते देखि २०८० पौष मशान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

३. विविध

- यस बलेफी गाउँपालिकाको नाममा दर्ता कायम रहेका सवारी साधनहरु (गाडी र मोटरसाईकल) नियमानुसार लाग्ने दस्तुर तथा जरिवाना तिरी नवीकरण गर्ने साथै आगामी दिनमा समयमा नै सवारी साधन नवीकरण गर्नका लागि सम्वन्धित शाखा/जिम्मेवार कर्मचारीलाई निर्देशन दिने निर्णय गरियो ।
- शिक्षकहरू गंगाराम सापकोटा र राजकुमार श्रेष्ठ दुवैजनालाई श्री फुल्पिङकोट मा.वि.मा हाजिर गराउने सम्वन्धमा विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी आवश्यक व्यवस्था गर्नका लागि गाउँ शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।
- मिति २०८०/०६/०२ गते शिक्षा दिवस, २०८० को कार्यक्रममा सामाजिक विकास समितिका संयोजक श्री रमेश कुमार श्रेष्ठमाथि भएको अभद्र व्यवहारको सम्बन्धमा शिक्षक महासंघ, संघ संगठनका प्रतिनिधिहरु लगायतसँग गाउँकार्यपालिका सदस्यहरूको उपस्थितिमा २०८०/०६/१० गते बिहान १० बजे छलफल गर्ने निर्णय गरियो ।